# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०	संख्याः ०२	मितिः२०८३।०१।०४

## भाग-२

**सम्बत् २०८३ सालको कार्यविधि नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिः-२०८३"** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको

# अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिः-२०८३

## गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/०३

**प्रस्तावनाः**

शिक्षित र जिम्मेवार अभिभावकको माध्यमबाट शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य हासिल हुनका साथै सबैले शिक्षाको अधिकार प्राप्त गर्न सहज वातावरण सृजना हुन्छ । शिक्षालाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा मानिन्छ । त्यसैले संविधान प्रदत्त बालबालिकाको हक, शिक्षा सम्बन्धी हकका साथै प्रचलित शिक्षा नियमावलीमा रहेको अभिभावकाको दायित्व र राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्धारण गरेका तहगत सक्षमता समेतलाई आधार मानी बालबालिकाहरूको स्वास्थ्य, शिक्षा एवम् वैयक्तिक रुचि तथा चाहनाहरूलाई सही ढङ्गले पहिचान गरी उनीहरूलाई सही मार्गदर्शन दिन अभिभावक स्वयम् शिक्षित एवम् सचेत हुन आवश्यक हुन्छ भन्ने अवधारणाको पृष्ठभूमिमा अभिभावकलाई बालबालिकाको अवस्थासम्बन्धी ज्ञान दिन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वान्छनीय भएकाले माछापुच्छ्रे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाले यो अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३ जारी गरेको छ ।

### *परिच्छेद-१*

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क)यस कार्यविधिको नाम **अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३** रहेको छ ।

(ख) यो कार्यविधि माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)"गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका बुझिनेछ ।

(ख) "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिनेछ।

(ग)"अभिभावक" भन्नाले विद्यालय अध्ययनरत बालबालिकाका अभिभावकलाई बुझिनेछ, सो शब्दले आमाबुबा, बाजेबज्यै (हजुरआमा, हजुरबुबा), दाइदिदी र अन्य

स्याहारकर्ताहरू हुन् । बालबालिकाको माया, सहारा, गुरु, संरक्षक, साथी, भनेका आमाबुबा वा अभिभावक नै हुन भन्ने बुझाउनेछ ।

(घ)" कार्यविधि" भन्नाले अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३ लाई बुझाउनेछ ।

(ङ)" शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा काम गर्न तोकिएको कर्मचारीलाई जनाउँदछ ।

(च)" शिक्षा शाखा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

(छ) " प्रशिक्षक" भन्नाले अभिभावक शिक्षा सञ्चालनका लागि तालिम प्राप्त प्रशिक्षकलाई जनाउनेछ ।

*(ज)*" अभिभावक शिक्षा" भन्नाले यस कार्यविधि बमोजिम अभिभावकलाई दिइने शिक्षा, प्रशिक्षणलाई बुझाउनेछ ।

## *परिच्छेद-२*

## अभिभावक शिक्षा कार्यक्रमको उद्देश्य

**३.** अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका उद्देश्यहरू तपसिल बमोजिम रहेका छन् ।

(क) **स्वास्थ्यमा सुधारः** शारीरिक तथा मानसिक स्वास्थ्य ठिक राख्ने ज्ञान र सिप अभिभावकमा प्रदान गर्न सहयोग पुऱ्याउने

(ख) **सकारात्मक विकास**: अभिभावक शिक्षा मार्फत बालबालिकाहरूको मानसिक र भावनात्मक विकासमा सकरात्मक विकास साथै परिवारमा स्वस्थ वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउने

(ग) **सामाजिक कौशल**: बालबालिकाहरूलाई सामाजिक व्यवहार, सहिष्णुता र सहकार्यको सिप र महत्त्व सिक्न मद्दत गर्ने

(घ) **शिक्षाको महत्त्व**: बालबालिकाहरूको व्यवहार अध्ययन र शिक्षा प्रति जिम्मेवार, ईच्छुक र भविष्यको सुन्दर सपना देख्ने बनाउने

(ङ) **समस्या समाधान क्षमता**: बालबालिका हुर्काउँदा पर्ने समस्याहरूको समाधान गर्नका लागि अभिभावकलाई उचित दृष्टिकोण र धारणा प्रदान गर्ने

(च) **समुदायको विकास**: शिक्षित र जागरूक अभिभावकहरूले समग्र समाजको विकासमा योगदान गरी सामाजिक एकता र सहिष्णुतामा मद्दत पुऱ्याउने

(छ) **सन्तुलित जीवनशैली**: स्वस्थ जीवनशैलीको महत्त्व र यसका तत्त्वहरूको बारेमा जागरूकता फैलाउने

(ज)**सांस्कृतिक र नैतिक मूल्य**: बालबालिकाहरूमा सांस्कृतिक र नैतिक मूल्यहरूको महत्त्व बुझाउने ।

(झ)**अपराधबाट सुरक्षाः** अभिभावकहरूले दुर्व्यसन, साइबर अपराध, यौन अपराध जस्ता विषयमा जानकारी प्रदान गरी यस्ता विषयका अपराधहरूबाट सुरक्षित बनाउन सहयोग पुऱ्याउने

(ञ)**राष्ट्र र राष्ट्रियता प्रतिको सम्मानः** घरबाट नै राष्ट्र, भाषा, संस्कृति, सिप कला धर्म संस्कृति प्रति गर्व गर्ने र राष्ट्रप्रेम गर्ने बनाउने ।

***परिच्छेद-३***

**अभिभावक शिक्षाको आवश्यकताः**

**४.** अभिभावक शिक्षाको आवश्यकता निम्नानुसार रहेको छः

(क) अभिभावकहरूमा अभिभावकत्व निर्वाह गर्ने सम्बन्धी सिपको विकास गर्न

(ख) अभिभावकहरूमा आफ्ना बालबालिकाहरूको पोषण, खानपिन, सरसफाई, सुरक्षासम्बन्धी सिपको अभिवृद्धि गर्न

(ग) बालबालिकाको उत्सुकता र आवश्यकतालाई अभिभावकहरूले सही सम्बोधन गर्न

(घ) बालबालिकाहरूको मनोविज्ञान बुझेर सोहीअनुरुप मार्गदर्शन गर्न

(ङ) शिक्षामा अभिभावकको सार्थक संलग्नतालाई बढाउन

(च) अभिभावकको विद्यालय शिक्षाप्रतिको सोच र चिन्तनमा सकारात्मक परिवर्तन ल्याउन

(छ) अभिभावकको विद्यालयका विविध क्रियाकलापमा संलग्रता बढाउन

(ज) अभिभावक शिक्षाले अभिभावक स्वयमको असान्दर्भिक प्रकृति, मनोवृत्ति र दृष्टिकोण परिवर्तन गरी बालबालिकाहरूको भावी जीवनका लागि उपयोग गर्न

(झ) अभिभावकहरूको अपेक्षा र सिकारुको रुचिबिचको सन्तुलन कायम गर्न

(ञ) समुदायस्तरमा टोल छिमेक तथा सामाजिक स्तरमा अभिभावहरूले सामुहिक असल अभिभावकत्वको वातावरण सृजना गर्न

(ट) स्थानीयस्तरमा अभिभावक शिक्षाको महत्त्व र लगानी वृद्धि गर्न ।

***परिच्छेद -४***

अभिभावकका कर्तव्यः

५. अभिभावकका कर्तव्यहरू धेरै प्रकारका हुन्छन् जसले बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक, सामाजिक र नैतिक विकासमा सहयोग पुऱ्याउँछन्। यहाँ मुख्य कर्त्तव्यरू उल्लेख गरिएको छः

**(क)बालबालिकाको सुरक्षा र संरक्षणः**

(अ) अभिभावकको पहिलो कर्तव्य भनेको बालबालिकाको सुरक्षा र संरक्षण गर्नु हो। उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यको हेरचाह गर्नु, हानीकारक परिस्थिति वा व्यक्तिबाट टाढा राख्ने,

(आ) बालबालिकाको लागि सुरक्षित वातावरण सिर्जना गर्ने ।

**(ख) शिक्षा र मार्गदर्शनः**

(अ) बालबालिकालाई राम्रो शिक्षा दिलाउनु, उचित समयमा विद्यालयमा भर्ना गर्नु साथै आवश्यक स्रोत-साधन उपलब्ध गराउने,

(आ) उनीहरूलाई जीवनका मूल्यहरू, अनुशासन, समयको महत्त्व र जीवनमा सफल बन्नका लागि आवश्यक सिपहरू सिकाउने ।

**(ग)नैतिक र मानसिक विकासः**

(अ) अभिभावकले बालबालिकाहरूलाई सही र गलतको बिचको अन्तर बुझाउने त्यस्तै गरी उनीहरूलाई इमान्दारी, सहयोग, आदर र करुणाजस्ता नैतिक मूल्यहरू सिकाउने,

**(आ)** बालबालिकाहरूको भावनात्मक स्वास्थ्यको ख्याल राख्दै उनीहरूको आत्मविश्वास बढाउने ।

**(घ)शारीरिक स्वास्थ्य र स्वच्छताका सिप सिकाउनेः**

(अ) अभिभावकले बालबालिकाहरूलाई स्वस्थ रहन सन्तुलित आहार, नियमित व्यायाम र स्वच्छताको महत्त्व सिकाउने,

(आ) स्वास्थ्य समस्यामा समयमै उपचार गराउनु, स्वस्थकर जीवनशैली अपनाउनु र नियमित स्वास्थ्य जाँच गराउने ।

**(ङ) समय दिने र उनीहरूका कुरा सुन्नेः**

(अ) बालबालिकालाई समय दिनु, उनीहरूको कुरा सुन्नु, प्रश्न गर्ने बानीको विकास गर्नु, उनीहरूको भावना र चाहनाको सम्मान गर्नु साथै उनीहरूसँग खुला संवाद गर्नुपर्छ । यसले उनीहरूको आत्म-सम्मानमा वृद्धि गर्छ ।

(आ) अभिभावकको समय र साथ बालबालिकाहरूका लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छ, जसले उनीहरूको भावनात्मक स्थिरता र आत्मबलमा सहयोग पुऱ्याउँछ ।

**(च) उदाहरण बन्नेः**

(अ) अभिभावक आफैंले राम्रो आचरण र व्यवहारको उदाहरण प्रस्तुत गर्नुपर्छ ।

(आ) बालबालिकाले आफ्ना अभिभावकबाट धेरै कुराहरू सिक्छन्, त्यसैले इमानदारी, परिश्रमी, अनुशासित र सहिष्णुता जस्ता गुण अभिभावकमा हुन आवश्यक छ ।

**(छ) स्वावलम्बन र आत्मनिर्भरता सिप सिकाउनेः**भविष्यमा आत्मनिर्भर बनाउन बालबालिकाहरूलाई सानै उमेरदेखि काम गर्ने, जिम्मेवारी लिने, समस्या समाधान गर्ने जस्ता सिपहरू सिकाउने

**(ज)समाजप्रति दायित्व र सामाजिक चेतना विकास गर्नेः**

(अ) अभिभावकले बालबालिकाहरूलाई समाजमा जिम्मेवार र योगदान दिन सक्ने व्यक्ति बनाउन मद्दत गर्नु पर्छ। उनीहरूलाई सामाजिक चेतना, सहअस्तित्व र परोपकारको भावना सिकाउने ।

(आ) बालबालिकालाई सुसंस्कृत, शिक्षित र जिम्मेवार नागरिक बनाउने ।

**(झ)राष्ट्र र राष्ट्रियताप्रतिको सम्मान भाव विकास गर्नेः** आफू जन्मिएको राष्ट्र, मातृभाषा, राष्ट्रिय भाषा, राष्ट्रप्रेम राष्ट्रियताप्रति मनभित्रबाट नै प्रेम गर्ने बनाउनु अभिभावकको कर्तव्य हो ।

*परिच्छेद -४*

**अभिभावक शिक्षाका लक्षित समूह, सहजकर्ता, अनुगमन मूल्याङ्कन र बजेट**

**६. अभिभावक शिक्षा कार्यक्रमका लक्षित समूहहरू निम्नानुसार हुनेछन् ।**

(क) विद्यालयका अभिभावक (विशेषतः आधारभूत तहका)

(ख) विद्यालय व्यवस्थापन समिति (SMC) सदस्य

(ग) शिक्षक अभिभावक संघ (PTA)

(घ) समुदायका सरोकारवालाहरू

**७. अभिभावक शिक्षा कार्यक्रमका सहजकर्ता व्यवस्थापन निम्नानुसार गरिनेछ ।**

(क) प्रशिक्षित प्रधानाद्यापक, विषय विज्ञ वा शिक्षक व्यवस्था गरेर ,

(ख) स्थानीय स्रोत व्यक्तिहरू परिचालन गरेर,

(ग) आवश्यक परे सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहकार्य गरेर,

**८. अभिभावक शिक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन निम्नानुसार गरिनेः**

(क) स्थानीय तहबाट नियमित अनुगमन

(ख) विद्यालयले प्रतिवेदन पेश गर्ने

(ग) सहभागिता, व्यवहार परिवर्तन र सिकाइ प्रभाव मूल्याङ्कन

**९. अभिभावक शिक्षा कार्यक्रमको बजेट व्यवस्थापनः-**

(क) स्थानीय तहकोबाट विनियोजित बजेट

(ख) संघीय/प्रदेश अनुदान

(ग) साझेदारी कार्यक्रम

(घ) विद्यालयको आन्तरिक स्रोत

## *परिच्छेद- ५*

## प्रशिक्षक निर्देशिका

**१०. प्रशिक्षकहरूले प्रशिक्षण गर्नुपूर्व ध्यान दिनुपर्ने विषयहरूः** विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपूर्व निम्न विषयहरूलाई ध्यान दिनुपर्छ ।

(क) **सहभागीता सुनिश्चित गर्नेः**
कार्यक्रम सञ्चालन स्थान/केन्द्रमा सहभागी हुन पायक पर्ने सबै अभिभावकलाई सहभागी गराउने व्यवस्था मिलाउन प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गर्ने

(ख) **उपयुक्त स्थानको व्यवस्था मिलाउनेः**
अभिभावकलाई अनुकूल हुने समय र स्थानमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने साथै उमेर, उचाइ र सुन्न सक्ने क्षमताअनुसार सहज हुने गरी बसाइ मिलाउने

(ग) **सेसन सञ्चालन पूर्व कार्यक्रम उद्‌घाटन, राष्ट्रिय गान लगायतका कार्य गरी सुरुवात गर्ने**

(घ) **कार्यक्रमको उद्देश्य स्पष्ट पार्नेः**
अभिभावकलाई शिक्षाको महत्त्व, बालबालिकाको समग्र विकासमा उनीहरूको भूमिका र कार्यक्रमको उद्देश्यबारे स्पष्ट जानकारी दिने

(ङ) **अभिभावकको पृष्ठभूमिको अध्ययन गर्नेः** आफूले सहजीकरण गर्ने विद्यालयका अभिभावकहरूको भाषा, धर्म, संस्कृति, पेसा, शैक्षिकस्तर, अभिभावकको अवस्था, घरमा बालबालिकाले पाउने समय र ख्यालको अवस्था, अभिभावकको अन्य पृष्ठभूमि र समग्र

वातावरण तथा अभिभावकीय जिम्मेवारीमा पूरा गरेका र कमी भएका कुराको पूर्व अध्ययन गर्ने

(च) **सहज र संवादात्मक वातावरण सिर्जना गर्नेः** अभिभावकहरूले खुलेर कुरा राख्ने अवसर दिने साथै उनीहरूका समस्याहरूलाई टिपोट गर्ने र समाधानका लागि आफैंले वा विद्यालयलाई अनुरोध गर्ने व्यवस्थाका लागि सहजीकरण गर्ने

(छ) **सामान्य भाषाको प्रयोग गर्नेः**

अभिभावकहरूले सबैले सहजै बुझ्ने भाषा र सरल शैलीमा प्रश्न र प्रस्तुति गर्ने साथै भिडियो वा डकुमेन्ट्री पनि सरल र सबैले बुझ्ने भाषाको छनौट गर्ने

(ज) **प्रशिक्षण सामग्रीको तयारीः**

प्रशिक्षणका लागि प्रयोग गरिने सामग्री (जस्तैः पावरपोइन्ट स्लाइड, चार्ट, भिडियो) प्रस्ट र आकर्षक बनाउने कक्षा वा हलमा विभिन्न विषयका कुनाहरू निर्माण गर्ने

(झ) अभिभावक वा विद्यार्थीहरूलाई अभिभावकबाट प्राप्त सिकाइ वा भनाइलाई टिपोट गर्ने व्यवस्था मिलाउने

(ञ) **बालबालिकाको मनोविज्ञानको जानकारी दिनेः** बालबालिकाको मानसिक, भावनात्मक र शारीरिक विकासका पक्षमा अभिभावकलाई जानकारी गराउने

(ट) **अभिभावकहरूको संलग्नताः** विद्यालयका प्रधानाध्यापकको सहयोगमा केही असल अभिभावकीय भूमिका खेलेका अभिभावकको पहिचान गरी उहाँहरूले बालबालिकाहरूलाई गर्ने व्यवहारको सूची बनाई अभिभावकहरूलाई नै प्रस्तुति गर्न लगाउने

(ठ) **सकरात्मक अभिप्रेरणा दिनेः**

अभिभावकलाई बालबालिकाको शिक्षा र अनुशासनमा सकारात्मक दृष्टिकोण अपनाउन प्रेरित गर्ने

(ड) **समस्या समाधानमा सहयोग गर्ने**

अभिभावकहरूले सामना गरिरहेका चुनौतीहरूलाई सम्बोधन गर्न र समाधानका उपाय दिने गरी प्रयास गर्ने

(ढ) **प्रतिक्रिया संकलन र सुधारको योजनाः**

कार्यक्रमपछि अभिभावकको प्रतिक्रिया सङ्कलन गरी आगामी कार्यक्रम सुधार गर्ने प्रतिबद्धता जनाउने र सो विषयमा विद्यालयसँग थप कुराकानी गर्ने

(ण) **सम्बन्धित विषयका विज्ञलाई समावेश गर्नेः** आवश्यक परे विशेषज्ञ वा मनोविज्ञान, शिक्षा, वा स्वास्थ्यका व्यक्तित्वलाई बोलाएर परामर्श गराउने

(त) **प्रश्नावली र सर्वेक्षण फाराम भर्न लगाउनेः** अनुसूचीमा उल्लेख भएको प्रश्नावली भराउने र विश्लेषणका लागि अभिभावकहरूलाई नै जिम्मेवार बनाउने

(थ) **अनुशरण (फोलो-अप) व्यवस्थाः**

कार्यक्रमपछि पनि अभिभावकसँग सम्पर्क राख्दै शिक्षण प्रक्रियामा उनीहरूको सक्रिय सहभागीता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिसँग छलफल गर्ने । यस कार्यक्रमपश्चात् विद्यालयको समय समयमा विद्यालय र अभिभावक सम्बन्ध विकासका लागि अन्तरक्रियात्मक कार्यक्रम आयोजना र सञ्चालनका लागि विद्यालयलाई प्रेरित गर्ने ।

## *परिच्छेद-६*

## क्षेत्रगत विषयहरू

### ११. शिक्षक तथा बालबालिकासँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थाहरूः

बालबालिकालाई उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासका साथै विशेष संरक्षण, हेरचाह र अधिकार आवश्यक पर्छ। बालबालिका सम्बन्धी कानुनी जानकारी अभिभावकले लिएमा उनीहरूले आफ्ना बालबालिकालाई सुरक्षात्मक, सहयोगी र उत्प्रेरणात्मक वातावरण दिन सक्दछन्। यसले व्यक्तिगत, पारिवारिक र सामाजिक सुधारका लागि समेत महत्त्वपूर्ण भूमिका खेल्छ ।

(क) **उद्देश्यः** अभिभावक शिक्षामा कानुनी व्यवस्थाहरू समावेश गर्नुको मुख्य उद्देश्य देहाय बमोजिम छन्:

१) बाल अधिकार संरक्षणको ज्ञान र सिप प्रदान गर्ने,

२) बालश्रम र दुर्व्यवहार रोकथाम गर्ने,

३) उचित पालन पोषणको वातावरण सृजना गर्ने।

**(ख) मुख्य विषयवस्तुहरूः**

१) नेपालको संविधान, २०७२ मा भएका बालबालिकाको हक, शिक्षा सम्बन्धी अधिकार र नागरिकको दायित्व,

२) बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९

३) बालबालिकासम्बन्धी ऐन, २०७५

४) अनिवार्य तथा निः शुल्क शिक्षा ऐन, २०७५

५) दण्ड सजायसँग सम्बन्धित व्यवस्थाहरू

६) अभिभावक आचारसंहिता र कर्तव्यहरू

**(ग) क्रियाकलापहरूः**

१) विद्यमान कानुनी व्यवस्थाका बारेमा जानकारी भए नभएको सम्बन्धमा अभिभावकको पूर्व ज्ञान बुझ्न केही प्रश्नहरू निर्माण गरी हात उठाउन लगाएर जानकारी लिने

२) बालबालिकाको अधिकार संरक्षण र विकासका लागि राज्यले गरेका व्यवस्थाहरूको बारेमा सङ्क्षिप्त प्रस्तुति गर्ने

३) कानुनको पालना नगर्दा हुने कानुनी सजाय र बालबालिका र समाजलाई पुग्ने हानिका बारेमा लघुकथा वा भिडियो वा चित्रको प्रयोग गर्न सकिन्छ

४) विद्यमान कानुनले बालबालिकाले के कस्ता गल्ती गर्दा कस्तो सजायको व्यवस्था गरेको छ प्रस्तुति गर्ने

५) कानुनी व्यवस्थाहरूको पालना गर्दा आफ्ना र अरू बालबालिकको संरक्षण र सन्तुलित विकास हुन्छ भन्ने धारणा विकास गरी पालना गर्नका लागि खुसीसाथ सामुहिक प्रतिबद्धता जनाउन लगाउनुहोस ।

**(घ) मूल्याङ्कनः**

१) अभिभावकहरूले कानुनी व्यवस्था र आचारसंहिता बारेमा के बुझ्नुभयो भन्ने बुझ्नका लागि कम्तीमा ५ जना अभिभावकलाई पालैपालो आफ्नो ठाउँबाट उठेर भन्न लगाउने र थप ४/५ जनालाई थप गर्न लगाउने,

२) अभिभावकबाट व्यक्त भएका कुराहरूलाई लिपीबद्ध गर्ने ।

## *परिच्छेद-७*

## शिक्षक, विद्यार्थी र अभिभावक सम्बन्ध

**१२. शिक्षक, विद्यार्थी र अभिभावक सम्बन्धको आधार निम्नानुसार हुनेछ ।**

**(क) पृष्ठभूमिः**

शिक्षक,विद्यार्थी र अभिभावकको सम्बन्ध शिक्षा प्रणालीको महत्त्वपूर्ण आधारशिला हो। यी तीन पक्षहरूबिचको सहकार्यले मात्र विद्यार्थीको समग्र विकास सम्भव हुन्छ। शिक्षकले विद्यार्थीलाई ज्ञान प्रदान गर्दै मार्गदर्शन गर्ने जिम्मेवारी लिएका हुन्छन् जसले उनीहरूलाई भविष्यका चुनौतीहरू सामना गर्न सक्षम बनाउँछ। विद्यार्थीको शिक्षा र व्यक्तित्व विकासको यात्रामा शिक्षक र अभिभावक दुबैको सहयोगको आवश्यकता पर्दछ। अभिभावकले

विद्यार्थीको शिक्षा मात्र नभई उनीहरूको भावनात्मक र सामाजिक विकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्छन्। शिक्षक र अभिभावकबिच नियमित संवादले विद्यार्थीको प्रगति अनुगमन गर्न सजिलो बनाउँछ। यसरी यी तीन पक्षहरूबिचको सुमधुर सम्बन्धले मात्रै शिक्षा प्रभावकारी, गुणस्तरीय र सफल बनाउन सकिन्छ ।यस खण्डमा शिक्षक, विद्यार्थी र अभिभावकको अन्तरसम्बन्ध र सिकाइलाई प्रभाव पार्ने विषयहरूलाई चर्चा गरिएको छ ।

**(ख) उद्देश्यः**

१) अभिभावकलाई आफैं उदाहरण बन्ने तरिका सिकाउनु

२) बालबालिकाकाका लागि समय व्यवस्थापनका लागि सहयोग पुऱ्याउनु

३) नियमित विद्यालय उपस्थित गराउन अभिभावकहरूलाई सिप प्रदान गर्नु

४) पाठ्यपुस्तकभन्दा बाहिरको फराकिलो व्यवहारिक ज्ञान सिप हस्तान्तरणको महत्त्वका बारेमा अभिभावकलाई सचेत बनाउनु

५) बालबालिका हुर्केका बातावरणमा उपलब्ध जीवनोपयोगी सिप बालबालिकालाई हस्तान्तरण गर्ने उपाय जान्ने बनाउनु

६) बालबालिकाले भोगिरहेका समस्या पहिचान गर्न सक्ने र सहयोग गर्ने अभिभावक तयार पार्नु

७) बालबालिका अवाञ्छित गतिविधिमा लाग्न सक्ने कुरा भए सचेत हुँदै अभिभावकलाई आवश्यक समस्या समाधान गर्न सक्षम बनाउनु,

८) अभिभावक अभिभावकमात्र नभई समाजको सिकाई वातावरण निर्माणको भूमिका प्रष्ट पार्न सक्ने बनाउनु,

९) विभिन्न सङ्घ संस्थाले सिकाई वातावरण निर्माणका लागि गर्न सक्ने क्रियाकलापहरूको बारेमा जानकारी गराउनु

**(ग) मुख्य विषयवस्तुः**

१) उदाहरणीय व्यवहार

२) समय व्यवस्थापन र नियमितता

३) बालबालिकामा जीवनोपयोगी सिप विकासमा अभिभावकको भूमिका

४) शिक्षक र विद्यालयसँग सहकार्य

५) आवश्यक निगरानी

६) समुदाय, टोल, आमासमूह, युवाक्लव आदिको भूमिका

**(घ) क्रियाकलापः**

१) अभिभावकको धारणा बुझ्नका साथै अभिभावकको बुझाइलाई सम्मान गर्नका लागि प्रत्येक भित्तामा चार्ट पेपर टाँसेर अभिभावककै सहायतामा अभिभावकले भनेका कुराहरू टिप्न लागउने ।

२) अभिभावकले आफैं असल अभिभावक/उदाहरणीय बन्न के के कुरामा उदाहरण बन्न सक्नुहुन्छ भनेर कुनै ५ जना अभिभावकलाई स्वतः स्फूर्त रूपमाभन्न लगाउने ।

३) अभिभावकले दिएको उदाहरणमा सहमत/असहमत, आफूँले पनि अभ्यास गरेको भए कसरी/के के जस्ता प्रश्न सोध्ने ।

४) सहजकर्ताले सम्भावित उदाहरणीय व्यवहार प्रस्तुत गर्ने र अभिभावकलाई आफ्ना बालबालिकालाई अभ्यास गर्ने गरेको वा नगरेको हात उठाएर वा टिपोट गरेर छुट्याउन लगाउने ।

५) सहजकर्ताले सहजीकरण गरिरहेको विद्यालय क्षेत्रमा उपयोगी मानवीय सिपहरू अभिभावकलाई भन्न वा सूची बनाउन लगाउने । जस्तैः कृषि तथा खेतीपातीमा सहभागीता, सिलाइबुनाइ, पौडी खेल्ने, वस्तुभाउ हेरचाह, कम्प्युटरमा काम गर्ने ।

६) बालबालिकामा जीवनोपयोगी सिप विकासमा अभिभावकको भूमिका कस्तो भएमा सिप सिकाउन सकिन्छ छलफल गराउने (परम्परागत सिप सिक्नु भनेको पिछडीने सोच हैन बरु यो त सुसज्जित हुनु हो) भन्ने प्रष्ट बनाउने ।

७) सहजकर्ताले आफ्नो सूचीमा उल्लेख गरेभन्दा थप कुनकुन सिपहरू आफ्नो समाजमा छन् छलफल गर्न लगाउने र आफ्ना सन्ततीले सिकेका सिपलाई असल अभ्यासका रूपमाप्रस्तुत गर्न लगाउने,

८) विद्यालयका सकरात्मक कुराहरू बारेमा ५/७ जना अभिभावकहरूलाई स्वतः स्फूर्त रूपमा भन्न लगाउने साथै आफूले विद्यालयका लागि पुऱ्याएका सहयोगका बारेमा थप ५/७ जनाले सुनाउन प्रोत्साहित गर्ने ।

९) छोराछोरीको सिकाइका लागि शिक्षकसँग नियमित सम्पर्कमा रहने अभिभावकहरूलाई आफ्नो ठाउँबाट उठ्न लगाउने र उहाँहरूलाई तालीले सम्मान गर्ने ।

१०) शिक्षक र विद्यालयसँगको सहकार्यमा के कस्ता कार्यमा सहभागीता हुने गरेको छ विषयवस्तुसँगै छलफल अघि बढाउने ।

११) छोराछोरी कसरी कुलतमा फस्छन र समुदायमा कुलतमा फसेकाहरूले पाएका दुःखहरू बारेमा मनमनै सोच्न लगाउने ।

१२) असल अभिभावकले आफ्ना बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक तथा भावनात्मक विकास उमेर सुहाउँदो भए नभएको जाँच गर्न लगाउने र उमेरअनुसार आउन सक्ने विभिन्न समस्याहरू (शारीरिक, मानसिक, संवेगात्मक) का बारेमा अभिभावकको धारणा प्रस्तुत गर्न लगाई छलफल गर्न लगाउने र प्राप्त सुझावहरूलाई सुचिबद्ध गर्दै जाने ।

१३) तयार गरिएको विषयवस्तु छोटो समयमा प्रस्तुत गर्ने ।

**(ङ) मूल्याङ्कनः**

निम्नानुसारको कार्य गरी सत्रको अन्तमा देहायका क्रियाकलाप गर्नुहोस् :

१. सहभागी अभिभावकहरूलाई ६ समूहमा विभाजन गरी उदाहरणीय व्यवहार, समय व्यवस्थापन र नियमितता, जीवनोपयोगी सिप विकासमा अभिभावकको भूमिका, शिक्षक र विद्यालयसँग सहकार्य, आवश्यक निगरानी समुदाय, टोल, आमासमूह, युवाक्लव आदिको भूमिका विषयमा आँफूले बुझेका र भविष्यमा पालना गर्ने प्रतिबद्धताको सूची बनाउन लगाउने र यसका लागि लेख्न रुचाउने अभिभावकको सहयोग लिने ।

२. अन्तमा सबैलाई असल अभिभावकले गर्नुपर्ने कुराहरूमा उत्साहित बनाउने प्रयास गर्ने।

*परिच्छेद-८*

## कार्यक्रम कार्यान्वयनमा विभिन्न निकायको भुमिकाः

**१३. कार्यक्रम कार्यन्वयनमा निम्नानुसारको भूमिका हुनेछ ।**

**(क) गाउँपालिकाको भुमिकाः**

१. प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

२. मन्त्रालयले विकास गरेका रोष्टर प्रशिक्षकको सहभागितामा प्रशिक्षण एवम् सहजीकरणको व्यवस्था मिलाउने ।

३. विषयवस्तु अनुसार सकारात्मक सोच, नवप्रतिभा र तनाव व्यवस्थापन जस्ता विषयवस्तुमा अतिथि प्रशिक्षकको व्यवस्था मिलाउने।

४. आवश्यकता अनुसार कार्यक्रम सञ्चालनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग साझेदारी गर्न सकिने ।

५. सहभागी छनौट, स्थान व्यवस्थापन, सम्पूर्ण व्यवस्थापकीय कार्य (खाजा र पानी समेत) र विद्यालयसँग समन्वय र पत्राचार गर्ने।

६. कार्यक्रम आयोजना गर्दा दुई वा दुई भन्दा बढी विद्यालयका अभिभावक, शिक्षक र विद्यार्थीलाई पायक पर्ने स्थानमा केन्द्र कायम गरी संयुक्त उपस्थितिको सुनिश्चित गर्न सकिने ।

७. कार्यक्रममा मनोसामाजिक परामर्श, सकारात्मक सोच, खुशी विज्ञान, जीवन विज्ञान, नवप्रतिभा र तनाव विसर्जन जस्ता विषयवस्तुलाई पनि आवश्यकता अनुसार समावेश गर्न सकिने ।

(ख) **विद्यालयः**

१. सहभागी छनौट,

२. आमन्त्रण र समन्वय,

३. निर्माण भएको सहजीकरण सामग्री प्रयोग,

४. विद्यालयमा सहजीकरणको व्यवस्थापन गर्ने,

५. प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने ।

## *परिच्छेद-९*

## **विविधः**

१४. **कार्यविधिको व्याख्या, संसोधन, खारेजी र बचाउः**

(क) **व्याख्या गर्ने अधिकारः यस कार्यविधिको कार्यन्वयनमा आउने दुविधा उत्पन्न भएमा यसको अन्तिम व्याख्या माछापुच्छ्रे गाउँपालिकाको गाउँकार्यपालिकाले गर्नेछ ।**

(ख) **संसोधनः यस कार्यपालिकाको संसोधन गाउँकार्यपालिकाले जुनसुकै बेला पनि गर्न सक्नेछ ।**

(ग) **खारेजी र बचाउः यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम र उल्लेख नभएको विषय प्रचलित कानुन बमोजिम हुनेछ र कुनै विषय प्रचलित कानुनमा बाझिएको रहेछ भने बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।**

## *परिच्छेद -१०*

अनुसुचीहरू

अनुसूची-१

**प्रतिबद्धता चरणः**

आदरणीय अभिभावकज्यूहरू,

यसमा लेखिएका प्रतिबद्धताहरू तपाईंको आफ्नो प्रयोजनका लागि हुन कहिँ कतै देखाउनु वा भन्नु अनिवार्य गरिएको छैन। यसका विषयमा घर परिवारमा सरसल्लाह गरेर थप व्यवस्थित बनाउनुहुनेछ भन्ने अपेक्षा राखिएको छ ।

यसमा अभिभावकले आफैंले बालबालिका हुर्काउन,सिकाउन र विद्यालयका लागि पुऱ्याउन सकिने योगदान र प्रतिबद्धताहरू लेख्नुहोस् ।

क. एक हप्ताभित्र सम्पादन गर्न सक्ने कामहरूः

१.

२.

३.

४.

५.

ख. एक महिनामा गर्न सक्ने कामहरू

१.

२.

३.

४.

५.

ग. आफ्नै पहलमा नियमिति रूपमा गर्ने र गर्न सक्ने कामहरूः

घ. विद्यालय र शिक्षकको सहयोगमा गर्न सक्ने कामहरू

अभिभावक शिक्षा कार्यक्रममा सक्रिय र व्यवस्थित सहभागीता जनाएर आफ्ना बालबालिका र विद्यालयप्रति जिम्मेवार बन्नुभएकोमा धेरै धन्यवाद ।

# अनुसुची-२

## सर्वेक्षण फाराम

## शिक्षक तथा विद्यालयसँगको सहकार्य

यो फारामको प्रयोग अभिभावक शिक्षाको कक्षा सञ्चालन गर्नु पूर्व गर्नु उपयुक्त हुन्छ साथै विद्यालयका नियमित गतिविधिमा अभिभावकहरू आमन्त्रण गरेको अवस्थामा पनि गर्न सकिन्छ ।

**क. विद्यालयका नियमित भेटघाट र गतिविधिमा सहभागीता**

१.म मेरा बालबालबालिकाको गृहकार्यको अनुगमन र शिक्षकसँग समय-समयमा **सम्पर्क गर्छु/ गर्दिनँ ।**

२.म विद्यालयका कार्यक्रमहरू (वार्षिकोत्सव, अभिभावक भेला, खेलकुद आदि) मा **सहभागी हुन्छु/ ज्यादै कम मात्र हुन्छु ।**

३.म मेरा बालबालिकाको परीक्षाको नतिजा लिन नतिजाकै दिनमा जान्छु/समय **मिलाए पछि जान्छु।**

४.म वि.व्य.स., शि.अ. सङ्घ गठन जस्ता कार्यक्रममा सक्रिय **सहभागी हुन्छु/ फुर्सद भए मात्र सहभागी हुन्छु ।**

५.म विद्यालयको अन्य निमन्त्रणा प्राप्त कार्यक्रममा **उपस्थित हुन्छु/ त्यति जान पाउँदिन ।**

६.आफ्ना बालबालबालिकाले शिक्षण सिकाइमा गरेको सुधार तथा राम्रो नतिजामा शिक्षकलाई **प्रत्यक्ष भेटेर वा फोन मार्फत धन्यवाद दिन्छु/ त्यस्तो गर्ने गरेको छैन ।**

**ख. विद्यालयका निर्देशनको पालना**

१.म मेरा छोराछोरीको परीक्षा तयारीमा घरमा तयारी गर्न राम्रो **सहयोग गर्छु/ खासै मतलब गर्दिन**

२.म मेरा छोराछोरीले गर्नुपर्ने परियोजना र अन्य कार्यका लागि आवश्यक सामग्री व्यवस्थापन **बेलैमा गर्छु/ फुर्सदमा किनमेल गर्छु ।**

३.म मेरा छोरा छोरीको विद्यालयको लागि आवश्यक शुल्क वा अन्य आर्थिक **जिम्मेवारी भए पूरा गर्छु/ तिर्न सक्दिनँ ।**

४.म मेरा छोरा छोरीको सिकाइ सुधार गर्न अतिरिक्त कक्षा तथा अभ्यास सामग्रीको **व्यवस्था गर्छु/ आर्थिक व्ययभार थपिने हुनाले व्यवस्थापन गर्न सक्दिन ।**

५.म विद्यालयले मेरा बालबालबालिकालाई व्यवस्थापन गरेका साप्ताहिक परीक्षा र अन्य मूल्याङ्कनका लागि विद्यार्थीको **तयारी सुनिश्चित गर्छु/ खासै ख्याल गर्दिन ।**

**ग. विद्यार्थीको विशेष अवस्थाको जानकारी गराउने**

१. म मेरा छोराछोरीको अपाङ्गतासम्बन्धी कुनै समस्या भए विद्यालय र कक्षा शिक्षकलाई **जानकारी दिन्छु/ त्यस्तो जानकारी दिन धक लाग्छ ।**

२. म मेरा छोरा छोरीको स्वास्थ्यसँग सम्बन्धित अपरेसन वा अन्य स्वास्थ्य समस्याको **जानकारी दिन्छु/ दिने गरेको छैन** ।

**घ. विद्यार्थीको उपस्थिति सुनिश्चित गर्ने**

१.म मेरा छोराछोरीको विद्यालय उपस्थितिको नियमित **अनुगमन गर्छु/ गर्दिनँ** ।

२.कुनै कारणले मेरा बालबालबालिका विद्यालय अनुपस्थित हुँदा तुरुन्तै **खबर गर्छु/ गर्दिनँ।**

३.विद्यालयमा पुगेर मेरा छोरा छोरीको विद्यालय हाजिर **चेक जाँच गर्छु/ गर्दिनँ** ।

४.म मेरा बालबालबालिकाको विद्यालय उपस्थिति सम्बन्धी कुनै समस्या भएमा कक्षा शिक्षकसँग **सम्पर्क गर्छु/ गर्दिन** ।

**ङ. विद्यालयप्रतिको दृष्टिकोण**

१.म मेरा बालबालबालिकाले अध्ययन गर्ने विद्यालयका सकारात्मक पक्षहरूको **प्रशंसा गर्छु/ प्रशंसा वा आलोचना केही पनि गर्दिन** ।

२.म मेरा बालबालबालिकाले अध्ययन गर्ने विद्यालयका सुधार गर्नुपर्ने पक्षबारे **प्रधानाध्यापक वा शिक्षकसँग सल्लाह गर्छु/ समुदायका व्यक्तिसँग मात्र कुरा गर्छु** ।

३.म मेरा बालबालबालिकाले अध्ययन गर्ने विद्यालयका बारेमा छोरा छोरीको अगाडि विद्यालय र शिक्षकको **आलोचना गर्छु/ गर्दिन ।**

**च. बालबालिकाको शारीरिक,मानसिक र सम्वेगात्मक अवस्थाको निगरानी**

१. म मेरा बालबालबालिकाको **शारीरिक,मानसिक र सम्वेगात्मक स्थितिको ख्याल गर्छु/ खासै मतलब राख्दिन**

२. म मेरा बालबालिकाको **साथीसङ्गतको ख्याल गर्छु/ खासै मतलब राख्दिन** ।

३. म मेरा बालबालबालिकाको विद्यालय भित्र र साथीहरूसँग हुन सक्ने **सम्भावित यातना, आघात, बोझ, दबाब वा तनाबबाट गुज्रिएको छ/छैन भनेर ख्याल गर्छु/ खासै मतलब राख्दिन ।**

४. म मेरा बालबालबालिकाहरू **उच्छृङ्खल व्यवहारमा संलग्न भए/ नभएको ख्याल गर्छु/ खासै मतलब राख्दिनँ ।**

५. मेरा बालबालबालिकाको पोषण, शारीरिक वा मानसिक **समस्यामा परेको छ/ छैन भनेर बुझ्ने गरेको छु/ खासै मतलब राख्दिन ।**

**छ. ICT प्रयोग र यसको असर**

१. म मेरा बालबालबालिकाले मोबाइल, टिभी र इन्टरनेटको सिपयुक्त प्रयोग गरे नगरेको ख्याल **गर्छु/ खासै मतलब राख्दिन ।**

२. म मेरा बालबालिकामा मोबाइल, टिभी र इन्टरनेट, आदिले पारेको नकारात्मक असरबारे **जानकार छु/ खासै केहिपनि थाहा छैन ।**

३. म मेरा छोराछोरीले मोबाइल वा इन्टरनेटमा अश्लील सामग्रीको पहुँच र प्रयोगमा **रहेको/ नरहेको जाँच गर्ने गर्छु/ खासै मतलब राख्दिन ।**

४. मेरा बालबालबालिकाहरू साइबर बुलिङबाट **प्रभावित भएको छ/ छैन भनेर निगरानी गर्ने गर्छु/ केहीपनि थाहा छैन ।**

५. मेरा छोराछोरीले मोबाइल खेलका माध्यमबाट सट्टेबाजीमा संलग्न भएको/ नभएको जाँच गर्ने **गरेको छ/ त्यस्तो केहि पनि गर्ने गरेको छैन ।**

**ज. रचनात्मक गतिविधि र सकारात्मक बानीहरूमा सहभागीता**

१. मैले मेरा छोराछोरीलाई पढाइ बाहेक आफ्नो रुचिअनुसार **सिर्जनात्मक गतिविधि, खेलकुद वा सङ्गितमा सहभागी गराएको छु/ केहि पनि गरेको छैन** ।

२. मैले मेरा छोराछोरी कुलत (जस्तैः चुरोट, रक्सी, गुट्खा, पान, गाँजा, ड्रग्स आदि) मा **संलग्न भएको/ नभएको जाँच गर्ने गरेको छु/ त्यस्तो केही पनि गरेको छैन ।**

## अनुसूची-३
## अभिभावकले गर्नुपर्ने कामहरू

**स्वास्थ्यः**

१. बालबालिकाले लगाउनुपर्ने सबै खोप लगाउने
२. खाना बनाउँदा सन्तुलित आहार (दाल, भात, ढिँडो, गेडागुडी, फलफूल, माछा, मासु, दूध, अण्डा, हरीया सागसब्जी, तरकारी, मिलाएर) खुवाउने
३. दृष्टि, सुनाई, बोलाई, हिँडडुल, उमेरअनुसार तौल, उचाई, सिकाइ जस्ता कुरामा सुस्त वा कमजोरी देखिएमा स्वास्थ्य संस्थामा लैजाने साथै बालबालिकाको समस्या विद्यालयमा पनि कक्षा शिक्षक र विद्यालय प्रशासनमा जानकारी गराउने
४. बालबालिकालाई बिहान उठ्ने वित्तिकै मनतातो पानी पिउन दिने
५. हातखुट्टा धुने, नुहाउने, कपडा धुने, आदि जस्ता कुराहरू सानो उमेरबाट सिकाउने र बानी बसाल्ने
६. घर, कोठा, टोल, वातावरण सरसफाइमा सानै उमेरबाट बानी बसाल्ने
७. बालबालिकाले समयमा खाना, खाजा खाने, सुत्ने उठ्ने व्यवहारको ख्याल गर्ने
८. खाजाको व्यवस्थापन गर्दा सकेसम्म घरमै स्थानीय उत्पादन प्रयोग गरेको खाजा खाने बानी बसाल्ने
९. घर भित्र मात्र नबसी शारीरिक व्यायाम हुने, सामुहिक खेल खेल्न पनि प्रोत्साहित गर्ने

**अनुसासन, उत्प्रेरणा र नियमितता विकास**

१. बालबालिकाहरूलाई दिनहुँ विद्यालय पठाउने
२. नतिजा लिन वा वार्षिकोत्सव समारोहमा मात्र नभएर आफ्ना बालबालिकाको विद्यालयमा पुगेर हाजिरी, कक्षाकार्य, सिकाइ तथा घर र समाजमा गर्ने बानी व्यवहारका बारेमा विद्यलायमा नै पुगेर छलफल गर्ने
३. बालबालिकाको भावना बुझेर काम गर्ने, उत्प्रेरणा र पुरस्कारलाई प्राथमिकता दिने ।जस्तैः राम्रो काम गर्दा धन्यवाद, स्याबासी दिने, खाँचो परेका सामानहरू समयमै किनिदिने, असल बानी व्यवहारहरू अरुलाई भन्ने
४. बालबालिकालाई आफुँ माथि विश्वास राखी आशावादी बन्न प्रेरित गर्ने साथै गल्ती स्वीकार गरी सुधार गर्न प्रेरित गर्ने

५. बालबालिकाहरूलाई विद्यालयको नियमितबाहेकका पाठ्यपुस्तकहरू पनि पढ्ने वातावरण सिर्जना गर्ने, जन्मदिन तथा अन्य अवसरहरूमा पनि पुस्तक उपहार दिने बानी बनाउने
६. अभिभावक आफैं अनुशासनमा बस्ने, बालबालिकालाई पनि सानै उमेरबाट सहयोगी, मिलनसार, नैतिकवान् र इमानदार बन्न सहयोग गर्ने
७. रेडियो, टेलिभिजन, मोबाइल आदिको लत बस्न नदिने, सकारात्मक फाइदा लिनलाई टिभी मोबाइलको प्रयोगको समय र के कसरी प्रयोग गरेको छ, निगरानी राख्ने
८. असफलता/फेल हुँदा गाली नगर्ने बरु के कारणले फेल भएको होला सँगै बसेर समस्याको समाधानका लागि छलफल गर्ने र उपाय निकालेर समाधान गर्ने, बालबालिकाको असफलताको कारण अभिभावकीय भूमिकामा भएको कमजोरी पनि हो भनेर प्रष्ट बुझ्ने र सँगै मिलेर समाधान गर्ने ।
९. बालबालिकाको अगाडि कुनै पनि नकारात्मक कुरा नगर्ने, रिस, डाह, झगडा तथा अरुको नकारात्मक कुरा पटक्कै नगर्ने
१०. लामो बिदा वा चाडपर्वको बेलामा आफ्ना बालबालिकाहरू कहाँ जान्छन् के गर्छन् कोसँग समय बिताउँछन् ख्याल गर्ने
११. बालबालिकाको साथी सङ्गत के-कस्तासँग भएको छ ख्याल गर्ने र खराब सङ्गत भएमा निगरानी राखी सङ्गत सुधार्नका लागि सहयोग पुऱ्याउने।
१२. बालबालिकाको अगाडी शिक्षक, विद्यालय, आदिका नकारात्मक कुरा नगर्ने गदि केहि गुनासो वा सुझाव भए विद्यालयमा नै गएर छलफल गर्ने ।
१३. बालबालिकाको अगाडि मद्यपान, धूमपान नगर्ने, झैझगडा नगर्ने, नराम्रा छाडा शब्द कहिल्यै प्रयोग नगर्ने
१४. आफ्ना बालबालिकाले गर्ने गलल क्रियाकलापका बारेमा जानकारी लिने । छिमेकी तथा विद्यालयसँग झगडा नगर्ने, आफ्ना बालबालिकाले गरेको गलत कमीकमजोरी बाहिरीलाई थाहा भई बच्चालाई हिनताबोध हुन सक्छ ।
१५. अभिभावकले आफ्नो आर्थिक, सामाजिक परिस्थितिभन्दा बढी महत्वाकाङ्क्षी हुन नदिने ।परिश्रमको फल मिठो हुनेमा विश्वास दिलाउने

१६.बचतको गर्ने बानीको विकास सानै उमेरबाट गराउने त्यसका लागि सहकारी वा बैङ्क वित्तीय संस्थामा खाता खोली बचत गरिदिने बानी गर्ने । चाडपर्व, जन्मदिन या अन्य आम्दानीलाई बचत गर्ने बानी बसाल्ने

१७.बालबालिकालाई समय दिने, पढ्ने बेलामा असजिलो हुने कार्य जस्तैः होहल्ला, झगडा, चर्को आवाजमा गीत सङ्गित बजाउने जस्ता क्रियाकलापन नगर्ने

१८.साइकल चलाउने, पौडी खेल्ने, कम्प्युटर टाइपिङ् गर्ने जस्ता साधारण सिप सानैबाट सिकाउने

१९.परम्परागत बाजा बजाउने, चौपायाको हेरचाह गर्ने जस्ता काम सँगसँगै सिकाउने

२०.मातृभाषा, धर्म, संस्कृति, राष्ट्रप्रति सधैं सकारात्मक भावना सिर्जना गरी स्वदेशप्रति प्रेम गर्ने बनाउने

२१.परम्परागत पूजा, धार्मिक क्रियाकलापमा सँगसँगै लिएर जाने बानी बसाल्ने

२२.अभिभावक बालबालिकाको मुख्य प्रेरणाका श्रोत बन्ने, जेष्ठ नागरिक (हजुरबुबा, हजुरआमा) तथा अपाङ्गता भएकाहरूको सम्मान, सहयोग, करुणा, माया गर्ने सिप सानै उमेरबाट बानी पार्ने

२३.नृत्य, सङ्गित, खेलकुद, सिप विकास, आदिमा उत्प्रेरित गर्ने र आवश्यकता अनुसार सामग्री व्यवस्थापनमा पनि सहयोग गर्ने

२४.टिभी/ मोबाइल प्रयोग गर्दा शैक्षिक एपबाट सिकाइ हुने कुरा सिकाउने

२५.बालबालिकालाई सानै उमेरबाट स्वावलम्बी बन्न सिकाउनका लागि खाना पकाउने, करेसाबारीमा काम गर्ने, कपडा धुने जस्ता सिप विकास गर्न प्रोत्साहित गर्ने आफू सँगसँगै काम सिकाउने

२६.मातृभाषा, सांस्कृतिक पोशाक, धर्म, परम्परा सिकाउने र पुराना पुस्ताको अनुभव सँगै राखेर सुनाउने।

२७.घरमा रमाइलो वातावरण सिर्जना गर्ने, आफ्ना भावना भन्न सिकाउने, समस्या पर्दा ढुक्कले बा आमा तथा अभिभावकलाई भन्न सक्ने बनाउने

२८.आमाबाबा, गुरु, पाहुनाको सत्कार गर्ने बानी पारौं ।घरमा सम्मानजनक भाषा बोल्ने र बालबालिकालाई पनि त्यसैमा बानी पार्ने

२९.समूहमा काम गर्ने, नेतृत्व सिप सिक्न, आफ्ना विचार भन्न सक्ने सिप विकास गर्ने

३०.भविष्यमा के बन्ने इच्छा छ घरमा छलफल गर्ने र आवश्यक वातावरण सिर्जना गर्दै जाने

३१.नेपालको कानुनबमोजिम कक्षा ८ सम्मको शिक्षा अनिवार्य र निः शुल्क भएको हुनाले कक्षा ८ उत्तीर्ण नगरी विद्यालय छोडेमा सरकारी सेवा सुविधाबाट बञ्चित हुन सक्ने कुरालाई बुझाउने र पहिला पढाइ छुटेकाहरूलाई पनि विद्यालय जान प्रेरित गर्ने